**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० अक्टुबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- उत्तर बंगालको बाढी र पहिरो प्रभावित पहाडी क्षेत्रहरूमा विगत २४ घण्टामा स्थितिमा केही सुधार आएको छ।

- दार्जीलिंगकी जिल्लापाल डाक्टर प्रिती गोयलले आज पुल बजारमा बाढले क्षति ग्रस्त पारेको पुलको स्थलगत भ्रमण गर्नु भयो अनि पीडित परिवारहरूसँग भेटघाट गर्नु भयो।

- मिरिक महकुमाको थर्बु, सौरेनी, फुवगडी लगायत अन्य क्षेत्रका पैरो पीडितहरुलाई पुनर्वास गराउन मिरिकमा जमीन पहिचान गर्ने पहल सुरू भएको छ I

- पश्चिम बंगाल विधानसभाका विपक्षी नेता शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीविरुद्ध निर्वाचन आयोगसँग कारबाहीको माग गर्नु भएको छ।

- राष्ट्रिय राजमार्ग १० अन्तर्गत २९ माईलमा हिज राती पैरो गएपछि दुई तर्फी यातायात बन्द छ I

**उत्तर बङ्गाल – बाढ पैरो**

उत्तर बंगालको बाढी र पहिरो प्रभावित पहाडी क्षेत्रहरूमा विगत २४ घण्टामा स्थितिमा केही सुधार आएको छ। यस अवधिमा कुनै पनि मृत्युको रिपोर्ट गरिएको छैन। राष्ट्रिय विपद् प्रतिक्रिया बल (NDRF), दार्जिलिङ र जलपाइगुडी जिल्ला प्रशासनद्वारा संकलित तथ्याङ्क अनुसार, बिहीबार बिहान कुल मृत्युको संख्या ३९ थियो, जुन आज बिहानसम्म अपरिवर्तित रहेको छ। विगत २४ घण्टामा आवश्यक पूर्वाधार पुनर्स्थापित गर्ने काम द्रुत गतिमा अगाडि बढेको छ। पहाडमा सडकहरूको मर्मतले यातायातमा सुधार आएको छ भने मर्मतीको कार्य अझै जारी छ। पूर्ण रूपमा नभए पनि, धेरैजसो क्षेत्रहरूमा विद्युत आपूर्ति पनि आंशिक रूपमा पुनर्स्थापित भएको छ। यद्यपि, पहाडी क्षेत्रहरूमा अवस्थित विद्यालयहरूमा सामान्य शैक्षिक गतिविधिहरू कहिलेबाट सुरु हुनेछ भन्ने कुरा स्पष्ट छैन, किनकि बाढी र पहिरोका कारण अधिकांश शैक्षिक संस्थाहरू गम्भीर रूपमा क्षतिग्रस्त भएका छन्। प्रारम्भिक अनुमान अनुसार, दार्जिलिङ, कालिम्पोङ र खरसाङमा लगभग १८ विद्यालयहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। यसैबीच आगामी १३ अक्टोबरको दिन मुख्यमन्त्री ममता ब्यनर्जी फेरी य्त्तर बंगालको भ्रमणमा आउने जानकारी प्राप्त भएको छ भने उहाको भ्रमण पहाडका लागि मात्र हुने सुत्रले जनाएको छ I

**जिल्लापाल – राहत शिविर**

दार्जीलिंगकी जिल्लापाल डाक्टर प्रिती गोयलले आज पुल बजारमा बाडले क्षति ग्रस्त परेको पुलको स्थलगत भ्रमण गर्नु भयो अनि पीडित परिवारहरूसँग भेटघाट गर्नु भयो। गत चार अक्टोबर राती आएको बिनाशकारी प्राकृतिक आपदाले प्रभावित बनेकाहरुसँग भलाकुसारी गर्न दार्जिलिङका जिल्लापाल डा प्रिती गोयल लगायत अनि विभागीय टोलीले शुक्रवार पुल बिजनबारी क्षेत्रको परिभ्रमण गरे। उहाले क्षतिग्रस्त भएको पूलको युद्ध स्तरमा कार्य हुने अनि सबै पीडित परिवारहरुलाई सक्दो सहयोग गरिने बताउनु भयो। यसको निम्ति सबै सित तालमेल राखेर कार्य गरिने पनि बताउनु भयो। जिल्लापाल लगायतको टोलीले पहिरो प्रभावित थाना लाइन पुलबजारका मानिसहरूलाई भेटघाट गरि उनीहरूसग भलाकुसारी सगै आवश्यक राहत समाग्री वितरण गरेका छन। यसरी नै जिल्लापाल डाक्टर प्रती गोयलले जोरबङ्गलो सुकेपोखरी खण्डको चन्द्रमान धुरा प्राथमिक विद्यालयमा रहेको राहत शिविरको भ्रमण गर्नु भयो। हाल, उक्त शिविरमा ७० सदस्यहरू सहित कुल २९ प्रभावित परिवार बस्दै आइरहेका छन्

। भ्रमणको क्रममा, टोलीले प्रभावित परिवारहरूलाई खाद्य सामग्री र लत्ता कपडासहित राहत सामग्रीहरू वितरण गर्यो। विद्यार्थीहरूलाई उनीहरूको शिक्षामा निरन्तरता सुनिश्चित गर्न पुस्तक र अध्ययन सामग्रीहरू पनि प्रदान गरिएको थियो।यसक्रममा प्रभावित व्यक्तिहरूको लागि हराएको परिचय पत्र र आवश्यक कागजातहरू पुन: जारी गर्न सहज बनाउन एक विशेष शिविर पनि आयोजना गरिएको थियो। जिल्लापाल र अधिकारीहरूले परिवारहरूसँग उनीहरूको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न र उनीहरूको तत्काल आवश्यकता र मागहरू बुझ्न अन्तरक्रिया गर्दै उनीहरूको समस्याहरू सुने। यसबाहेक, प्रशासनले प्रभावित परिवारहरूको सम्भावित स्थानान्तरणको लागि रोङमुक सिर्डस चिया बगानमा उपयुक्त स्थान पहिचान गरिएको जानकारी निरक्षण टोलीले दिएको छ।

**मिरिक पुनर्वास**

मिरिक महकुमाको थर्बु, सौरेनी, फुवगडी लगायत अन्य क्षेत्रका पैरो पीडितहरुलाई पुनर्वास गराउन मिरिकमा जमीन पहिचान गर्ने पहल सुरू भएको छ I जीटीए प्रमुख कार्यपाल अनित थापाले पीडितहरुलाई घर निर्माण गर्ने वचन दिएपछि जीटीएका प्रतिनिधिहरू दिवस छेत्री,सभासद अरुण सिग्ची अनि मिरिकका जनसम्पर्क अधिकारी विवेक गोलेले आज कतिपय चिया बगानका प्रबन्धकहरु संग भेट गरे। प्रतिनिधी टोलीका दिवस छेत्रीले बताए अनुसार , " हामीले भेटेका सबै चिया बगानका प्रबन्धकहरुले सकरात्मक सोच राखेर जमीन उपलब्ध गराउने बचन दिनु भएको छ। प्रशासनिक दस्तावेजको कार्य पश्चात चियाबगानले जमीन उपलब्ध गराउने छन्।" उहाले धैरै गाउँहरू पुर्ण रूपले सम्पर्क बिहिन रहेको कारण बेघर भएका सबै परिवारहरूको पूर्ण सूची तयार नभई सकेको र केही दिन भित्र नै पूर्ण सुची तयार हुने बताउनु भएको छ। उहाले चिया बगानले जमीन उपलब्ध गराए पश्चात भूमि अनि भूमि सुधार विभागले नाप जोक गरेपछि घर निर्माणको कार्य सुरु गरिने बताउनु भएको छ ।

**राजु विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले पहाडको सम्पूर्ण सडकहरू तीन चार महिनाभित्रमा बनाउनु पर्ने नत्र ठेकेदारहरुलाई आफै एफआईआर गर्दै जेल पठाउने चेतावनी दिनु भएको छ। आज उहाले रंगबुल धोत्रे रंगमुक समष्टि र सोनादा पचेङ समष्टिको विभिन्न पैह्रो प्रभावित क्षेत्रहरुको भ्रमण गर्ने क्रममा पत्रकारहरुलाई सम्बोधन गर्दै सोनादादेखि ग्यारेज लाइन हुँदै रमिते, नाली चउर, पचेङ भएर रङमुक मुण्डा जाने सडकको अवस्थाबारे बोल्नु हुदै यस प्रकारको बयान दिनु भएको हो I सांसद राजु विष्टले ठेका लिएर गुणस्तरीय सडक नबनाउने , ठेका लिएर पैसा थापेर पनि काम नगर्ने, धैरै स्थानमा नरिवल मात्र फुटाएर ठेका लिएको सडक निर्माण नगरे एफआईआर गर्दै जेल हाल्ने चेतावनी दिनु भएको छ। उहाले यसको लागि पहिला सबै बाटोको निरीक्षण गर्ने अनि र एफआईआर गर्दै जेल हाल्ने चेतावनी दिनु भएको छ। सांसद राजु विष्टले मिलिङदेखि रङमुकसम्म 5.17 किलोमीटरको 16 करोडको सडकमा एउटा पुल पनि रहेको र शिलान्यास भएको एक वर्ष वितिसक्दा पनि काम नभएको बताउनु भएको छ।

**शुभेन्दु अधिकारी-ममता**

पश्चिम बंगाल विधानसभाका विपक्षी नेता शुभेन्दु अधिकारीले हिज राति मुख्यमन्त्री ममता बनर्जीविरुद्ध निर्वाचन आयोगसँग कारबाहीको माग गर्नु भएको छ। उहाले आरोप लगाउनु भए अनुसार, मुख्यमन्त्रीले लोकतान्त्रिक प्रक्रियालाई बिगार्ने प्रयासमा राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ) मनोज अग्रवालमाथि "निर्लज्ज आक्रमण" गरेका छन्। श्री अधिकारीले भन्नु भयो, मुख्यमन्त्रीले यो बयान राजनीतिक ऱ्यालीमा होइन, तर मुख्य सचिवको उपस्थितिमा राज्य सचिवालय, नबन्नामा आयोजित पत्रकार सम्मेलनको क्रममा दिनु भएको थियो। श्री अधिकारीले शोसल मिडियामा "पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी विरुद्ध मुख्यमन्त्री ममता बनर्जीले लगाएका खुला आरोप र ढोंगी धम्की असंवैधानिक मात्र नभएर लोकतान्त्रिक प्रणालीको पवित्रतामाथि प्रत्यक्ष आक्रमण रहेको बताउनु भएको छ।"

**राजमार्ग १०**

राष्ट्रिय राजमार्ग १० अन्तर्गत २९ माईलमा हिज राती पैरो गएपछि दुइ तर्फी यातायात पुर्ण रूपमा बन्द छ I पहिरो हटाउने काम आज बिहान सुरु भएको थियो। तर सडकको ठूलो भाग पूर्ण रूपमा भत्किएको हुनाले, राष्ट्रिय राजमार्ग नम्बर १० मा दुईतर्फी यातायात पूर्ण रूपमा बन्द छ। हाल सिक्किम र बंगाल बीच गोरुबथान अनि लाभाको बैकल्पिक सडक मार्फत आवतजावत

भैरहेको छ। फलस्वरूप, सिक्किम र पश्चिम बंगाल बीच सम्पर्क गर्न चार घण्टा बढी लागिरहेको छ। यो पहिरो हिजो राति ८ बजेतिर गएको थियो।पुलिस प्रशासनले पहिरोबाट प्रभावित सडकलाई अवरोध गरेको छ। राष्ट्रिय राजमार्ग प्राधिकरणका अनुसार, कम्तिमा ६ फिट पहाड काटेर सडक चौडा गर्नु पर्नेछ। आजसम्म राष्ट्रिय राजमार्ग नम्बर १० मा दुईतर्फी सवारी साधन सामान्य नहुने बताईएको छ । हाल कालेबुंग जिल्ला प्रशासनले क्षतिग्रस्त २९ माइल लामो सडकमा आपतकालीन आधारमा साना हल्का सवारी साधनहरूलाई मात्र यात्रा गर्न अनुमति दिइरहेको छ। प्रशासनले हाल यस मार्गमा कुनै पनि भारी सवारी साधन चल्ने छैन भनी जानकारी दिएको छ।